# आधी घण्टा नियात्रा सङ्ग्रहमा यथार्थवाद

❋ घनबहादुर थापा

thapa123@gmail.com

*अध्ययनसार*

यो अध्ययन नियात्राको तथ्यपरक प्रस्तुति अर्थात यथार्थवादसँग सम्बन्धित छ। नियात्राकार गंगा कर्माचार्य पौडेलको 'आधी घण्टा' नियात्रा सङ्ग्रहमा सङ्ग्रहित नियात्राका वास्तविक तथ्य केलाएर गरिएको यस अध्ययनमा साहित्यिक एवं धार्मिक कार्यक्रमको सन्दर्भमा गरिएका विभिन्न स्थानका छुट्टाछुट्टै भ्रमणका अवसरमा भएको यथार्थ गतिविधिको विश्लेषण गरिएको छ। अधिकांश नियात्राकारहरूले सम्बन्धित ठाउँ, कार्यक्रम र गतिविधिलाई आफ्नो भौतिक उपस्थिति, प्रत्यक्ष अवलोकन र स्थानीयको भनाइका आधारमा प्रस्तुत गर्दछन्। सबैका प्रस्तुतिकरणका भाषाशैली फरक तर विषयवस्तु जस्तो छ त्यस्तै भन्दै आफ्नो नियात्रा लेखनस्तर निर्धारण गरेका छन्। नियात्रा वस्तुतथ्यमा उभिएर लेखिने अनुभूतिजन्य लेखन भएकोले यसमा तथ्यपरक प्रस्तुति हुनु अत्यावश्यक छ। 'आधी घण्टा' नियात्रा सङ्ग्रहमा देशका विभिन्न स्थानको भौगोलिक अवस्था, साहित्यिक कार्यक्रमहरूको चित्रण, साहित्यकारका गतिविधिको विश्लेषण एवं देशमा मौलाएको विकृतिबारे यथार्थ चित्रण गरिएको छ। नियात्राले नियात्राकारको व्यक्तिगत जीवन, साहित्यिक जीवन, साहित्य क्षेत्रमा पुऱ्याएको योगदान र राज्यको तर्फबाट प्राप्त उपलब्धीलाई समेत सूक्ष्म रूपमा केलाउँदै वास्तविकता पाठक सामु राख्ने प्रयास गरेको देखिन्छ। हाम्रा ऐतिहासिक परम्परा, संस्कार, संस्कृति र आचरणलाई सम्झनयोग्य तरिकाले वर्णन गरिएबाट दीर्घकालसम्म चीरस्थायी स्मरणमा रहने बनाउने प्रयास रहेको देखिन्छ। नियात्रामा साहित्यिक रस र अलङ्कारको साथसाथै तथ्यपरक प्रस्तुति ज्यादै महत्त्वपूर्ण हुन्छ जसले साहित्यलाई थप शक्तिशाली बनाउँछ भन्ने कुरा प्रस्ट पारेको छ। यस्ता विषयवस्तुले परम्परा इतिहास र वर्तमान परिवेशलाई कालान्तरसम्म बुझ्ने गरी सम्बोधन गर्न सक्तछ। यी सबै तथ्यलाई आधार मान्दै नियात्राका विविध पाटा र प्रस्तुतिहरूमध्ये यथार्थवाद सबैभन्दा शक्तिशाली पाटो हो भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ।

**प्रमुख शब्दावली** : जीवनजगत्, अनुभूति, प्रकृतिप्रेम, साहित्यप्रेम र जीवनदृष्टि।

## विषयपरिचय

गंगा कर्माचार्य पौडेल नेपाली साहित्य आकाशकी बहुमुखी प्रतिभा हुन्। वि.सं २०३३ सालमा 'गंगाका केही छालहरू' कवितासङ्ग्रह सार्वजनिक गरी कविको रूपमा साहित्यिक पाइला अगाडि बढाए पनि पछिल्लो समय उनको बालसाहित्यमा विशेष लगाव देखिन्छ। वि.सं. २०३३ देखि वि.सं. २०६३ सम्म करिब ३० वर्ष लामो अवधिभर साहित्य सिर्जनामा निस्क्रिय जस्तै देखिए पनि वि.सं. २०६३ मा 'आँधीखोलाको सम्झना' नामक दोस्रो कवितासङ्ग्रह प्रकाशन गरेपछि उनको साहित्यिक सक्रियता बढेको देखिन्छ। साहित्यमा पुनरागमन अर्थात वि.सं. २०६३ पछिको छोटो समयमै साहित्य क्षेत्रमा उनले हासिल गरेको उपलब्धी र पाएको ओजिलो चर्चाले साहित्य रचनाको यो रिक्तता पूरा गर्न बितेको समयको कुनै पर्वाह नगरी उनको सक्रियता निकै नै लोभलाग्दो भएर अघि बढेको देखिन्छ।

आफ्नो घर व्यवहार, जागिर, बालबच्चाको लालनपालनदेखि साहित्य सिर्जनासम्ममा व्यस्त पौडेलका गंगाका *केही छालहरू* (२०३३), *आँधीखोलाको सम्झना* (२०६३), *ओजु र डाँफे* (२०६४), *धौलीआमा* (२०६५), *पञ्चबलि* (२०६६), *द ट्रिटी मिक्की* (२०६६), *चारआठे चुल्ठो* (२०६७), *आधी घण्टा* (२०७७) नामक पुस्तकाकार कृतिहरू तथा अन्य दर्जनौं फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्। नेबासास उत्कृष्ट पुस्तक पुरस्कार, गोठाले पाण्डुलिपि

❋ लेखक स्वतन्त्र लेखक तथा अनुसन्धाता हुन।

पुरस्कार, लीलाकुमारी साहित्यिक पुरस्कार, सुनकोसी साहित्य प्रतिष्ठानद्वारा 'आमा' सम्मान, उत्कृष्ट बालसाहित्य पुस्तक लेखन, ज्याग्दीखोला कला साहित्य पुरस्कार लगायतका दर्जनौं पुरस्कार तथा सम्मानहरू साहित्यकार पौडेलले प्राप्त गरेकी छन् ।

नियात्रा नियात्राकारको यात्रासँग जोडिएको यथार्थ प्रस्तुति हो । यथार्थ+वाद मिलेर यथार्थवाद शब्द बनेको हो । नेपाली बृहत् शब्दकोशका अनुसार जीवन र जगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने एक साहित्यिक मान्यता; जीवन र जगत्का बीचका सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यलाई यथार्थरूपमा परिभाषित गरिएको छ। दर्शन र साहित्यका क्षेत्रमा यथार्थवाद उत्तिकै प्रचलित पनि छ। फ्रान्सेली उपन्यासकार बाल्जाक यथार्थवादको वास्तविक प्रयोगकर्ता मानिएको छ । नेपाली साहित्यमा यथार्थवादी धाराको प्रवेश गराउने श्रेय लैनसिंह वाङ्देललाई नै जान्छ। वाङ्देलको उपन्यास 'मुलुक बाहिर' (२००४) नै यथार्थवादी धाराको पहिलो कृति मानिएको छ । पुराना पुस्ताका साहित्यकारहरू वाङ्देल, हृदयचन्द्रसिंह प्रधान, लीलबहादुर क्षेत्री, इन्द्रबहादुर राईलगायत नयाँ पुस्ताका साहित्यकारहरूले पनि यथार्थवादी धाराको बग्रेल्ती प्रयोग गरेको पाइन्छ । यसै धारणालाई आधार मानेर आधी घण्टा नियात्राको विश्लेषण गरिएको छ ।

**नियात्राको विधागत आधार**

नियात्रा शब्दको व्युत्पत्ति यात्रा निबन्धबाट भएको हो । निबन्ध शब्दबाट नि उपसर्ग झिकी य़ात्रा शब्द लगाएर यात्रा निबन्धको अर्थमा नवनिर्माण गरिएको शब्द हो । निबन्धमा झैं यसमा पनि निजात्मक अनुभूतिको उपस्थिति रहनु आवश्यक हुन्छ। यात्रा विवरण दिँदै जाँदा आफ्ना रागात्मक अनुभूति र संवेदनालाई समेत अभिव्यक्ति दिदैँ आत्मपरक शैलीमा चमत्कारितासहित लेखिने नियात्रा हो। 'कुनै सृजनशील यात्रीले यात्राका क्रममा देखे-भोगेका विविध परिदृश्य, घटना प्रसङ्गका अनुभवलाई निजात्मक रङले रंगाएर भावना र कल्पनाको यथोचित समन्वयका साथ मनोहारी शैलीमा आत्मपरक ढङ्गबाट लिपिबद्ध गरेको यथार्थपरक गद्यकृति नै नियात्रासाहित्य हो ।' यात्रा विवरण जति सबै नियात्रा हुँदैन । निरस तवरले वस्तुनिष्ठ वर्णनबाट साहित्यिकता नआए नियात्रा हुँदैन् । बालकृष्ण पोखरेलले यात्रा साहित्यलाई यात्रा विवरण र नियात्रा गरी दुई भेद गरेका छन् । उनका अनुसार सत्यको निस्तो वर्णन छ भने लेख मात्र हुन्छ औ रमरमको आनन्दबाट मुछिएको चाहिँ नियात्रा हुन्छ। नियात्रालाई उद्देश्य जे भए पनि गौण हुनुपर्छ। यात्रा लेख पशुपतिको जात्रा हो भने नियात्रा चाहिँ सिद्राको व्यापार हो । यात्राकारको स्वयंको उपस्थिति, य़ात्राकारको निजात्मक अनुभूति, रोचकता, चित्रात्मकता, यात्राको पश्चकालिक प्रस्तुति अनुभूतिका साथै आत्मीयता, स्वच्छन्दता, अनौपचारिकता, कल्पनाप्रवणता हार्दिकता र भावनाको उच्छलनजस्ता गुणको समन्विति यसको निबन्धात्मक स्वरूपसित सम्बन्धित भावात्मक पक्ष हो भने यात्राका क्रममा लेखक यात्रीसित सम्बन्धित हुन आउने स्थलहरू, व्यक्तिहरू, विविध दृश्यावली र घटना-प्रसङ्ग अनुभवात्मक पक्ष हुन् आदि यसका स्वरूप र विशेषता हुन्। नियात्रासित संस्मरणको पनि सहसम्बन्ध हुन्छ। यद्यपि आफ्नो बाल्यकालको सम्झना वा कसैसितको सम्झनामा लेखिने संस्मरण र यात्रामा देखिएको र अनुभूत गरिएको सम्झनामा लेखिएको नियात्रा हो। यसर्थ, यात्रासित सम्बन्धित संस्मरण मात्र नियात्रा हो ।

नियात्रालाई विधा खुट्याउने क्रममा दुईवटा मत देखापर्छन्- पहिलो मतमा यो निबन्ध विधाअन्तर्गत पर्दछ। अर्को मतमा यसलाई स्वतन्त्र विधाका रूपमा मानिन्छ। नियात्रा शब्दको नि उपसर्गलाई निबन्ध माने पनि निजात्मकता माने पनि केही अध्येताहरूले यसलाई निबन्ध विधाभित्र नराखी अन्य विधाका रूपमा उभ्याएका छन् । अघिल्लो मतका केही पक्षधरमा बालकृष्ण पोखरेल, लक्ष्मणप्रसाद गौतम, राजेन्द्र सुवेदी, बालकृष्ण पोखरेल, तारानाथ शर्मा आदि हुन् । वासुदेव त्रिपाठीका अनुसार स्वयम् आफ्नै अनुभवमा आत्मकथा, दैनिकी विषयका मूलमा अर्कै व्यक्ति वा वस्तु तथा विषयलाई असंस्मरण र यात्रावृत्तान्त आधारित हुन्छन् र यी विधामा केन्द्रविन्दु स्वयम् नै हुन्छ। यति हुँदाहुँदै पनि आत्मकथा र दैनिकी मूलतः स्वयम्मा केन्द्रित रहन्छन् भने संस्मरण र यात्रावृत्तान्त चाहिँ विन्दुमा आफू रहँदारहँदै पनि वगाल्दै आत्मपरकताबाट प्रशस्त फैलिई वस्तुपरकतातिर जान सक्छ। उनका अनुसार अन्यविधाको यात्रासाहित्य आख्यानात्मकतामा पर्दछ। डा.

घनश्याम नेपालले नियात्रालाई एक स्वतन्त्र उपविधाका रूपमा मानेका छन् । यस्तै गरी निर्मोही व्यासले पनि यसलाई एक स्वतन्त्र विधा वा नव अन्यविधाका रूपमा लिएका छन् । निबन्ध चाहिँ यात्रासाहित्यको पूर्वज विधा हो । यसै आधारमा आधी घण्टा नियात्रा सङ्ग्रहको विश्लेषण गरिएको छ ।

*आधी घण्टा* (२०७७) नियात्रासङ्ग्रह साहित्यकार पौडेलको दोस्रो नियात्रासङ्ग्रह हो । यसअघि उनको *आधा घान्द्रुक* (२०७५) बाल नियात्रासङ्ग्रह प्रकाशन भएको पाइन्छ । आधी घण्टा नियात्रा सङ्ग्रहमा विभिन्न ठाउँमा भएका सामाजिक, धार्मिक र साहित्यिक कार्यक्रमका अनुभूति सँगालिएका छन् । फरकफरक ठाउँ, थरिथरिका प्रसङ्ग एवं वातावरण, फरक पात्र र परिवेश समेटिएको यथार्थ प्रस्तुतीकरणले पाठक मन मष्तिस्कमा आफू स्वयं भौतिक रूपमा उपस्थित भएको अनुभूति दिलाउन सक्ने क्षमता राख्दछन् । जीवन र जगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने एक साहित्यिक मान्यता; जीवन र जगत्का बीचका सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यलाई नै यथार्थ भनिन्छ । दर्शन र साहित्यका क्षेत्रमा यथार्थवाद उत्तिकै प्रचलित पनि छ । फ्रान्सेली उपन्यासकार बाल्जाक यथार्थवादको वास्तविक प्रयोगकर्ता मानिएको छ । नेपाली साहित्यमा यथार्थवादी धाराको प्रवेश गराउने श्रेय लैनसिंह वाङ्देललाई नै जान्छ । पुराना पुस्ताका साहित्यकारहरू वाङ्देल, हृदयचन्द्रसिंह प्रधान, लीलबहादुर क्षेत्री, इन्द्रबहादुर राईलगायत नयाँ पुस्ताका साहित्यकारहरूले पनि यथार्थवादी धाराको बग्रेल्ती प्रयोग गरेको पाइन्छ । यसै धारणालाई आधार मानेर आधी घण्टा नियात्राको विश्लेषण गरिएको छ । यसर्थ *आधी घण्टा* नियात्रा सङ्ग्रहमा समेटिएका स्थान, साहित्यिक गतिविधि एवं नियात्राकारको व्यक्तिगत अनुभूतिको तथ्यपरक अध्ययन यस लेखमा गरिएको छ ।

**आधी घण्टा नियात्रामा वस्तुजगत्को चित्रण**

'आधी घण्टा' नियात्रा सङ्ग्रहमा जम्मा अठार वटा स्थानको रोचक यात्रा संस्मरण समेटिएको छ । ती स्थानको भ्रमण केही सामाजिक, साहित्यिक एवं धार्मिक उद्देश्यबाट अभिप्रेरित देखिन्छ । तथापि सबै स्थानमा उद्देश्यपरक अनुभूति मात्र होइन तत्स्थानको वस्तु जगत्को पनि मिहिन चित्रण गरिएको छ । अधिकांश स्थानहरूमा जुन वस्तु जस्तो छ, त्यस्तै वर्णन नियात्राकारले गरेको देखिन्छ । जहाँ जे कार्यक्रम भएको छ, जाँदा आउँदा जे जस्ता सुख दुःख भोग्नुपरेको छ तिनलाई ठिक त्यस्तै चित्रण गरी साहित्यिक श्रृङ्गारसमेत गरिएको छ । यात्राको क्रममा देखेका स-साना वस्तु र विषयलाई समेत रोचक प्रस्तुतीकरण गरिएको छ । स-साना कुरा अर्थात् हाँसका बथानले मन चङ्गा बनाएको यथार्थ घाम जत्तिकै छर्लङ्ग पार्दै रोचक वर्णन गरिएको छ, 'छिरबिरे प्वाँख भएको भाले हाँसले सादा खरानी रङ भएकी पोथीलाई माया गरेर उसको गर्धनमा ठुँडले सुमसुमायो । त्यसैगरी पोथीले पनि भालेको घाँटी, गर्धनमा सुमसुम्याई'(ती कारूणिक दृश्य, पृष्ठ ७१) । यस्तै नियात्राकारले विराटनगरमा पनि हाँसकै सम्झना गरेकी छन् । "२०२९ सालमा म विराटनगर जाँदा सप्तकोशी नदीमा अनगिन्ती उड्ने हाँसका बथानहरू तैरिरहेका देखेकी थिएँ । अहिले पनि देखिन्छन् कि भनेर आँखा तानेर हेरेँ । देख्न त देखियो तर ८-१० ओटा मात्रै । कहाँ गए होलान् त्यतिका धेरै हाँसका बथानहरू ?" (योजना पश्चिमको, यात्रा पूर्वको, पृष्ठ १६५) । यहाँनेर हाँसको विषयमा लेखिएको प्रतिनिधि टिप्पणी मात्रै हो । यस्ता स-साना विषयको रोचक तर अर्थपूर्ण र सान्दर्भिक वर्णन प्रायः हरेक नियात्रामा समेटिएको छ । यसले नियात्रालाई रोचक मात्रै बनाएको छैन हाम्रो समाज र वस्तुजगत्को यथार्थ चित्रण समेत पस्केको छ । विषयवस्तु साना होउन् वा ठूला सबैलाई समान महत्त्व र स्थान दिएर न्याय गर्ने प्रयास गरिएको छ । अठार वटै स्थानको मिहिन तस्बिर उतारिएको छ । जसले पाठकलाई एउटै बसाइँमा सबै ठाउँ पुऱ्याउन सफल मात्र भएको छैन समाजको यथार्थता बुझ्न समेत मद्दत पुऱ्याएको देखिन्छ ।

**सामाजिक सेवामा योगदान र सामाजिक यथार्थ चित्रण**

'आधी घण्टा' नियात्रा सङ्ग्रहको नाम यसै सङ्ग्रहभित्रको पहिलो रचना आधी घण्टा नियात्राबाट राखिएको छ । धादिङको साङ्घोष जाँदाको यस यात्रा संस्मरण सामाजिक सेवासँग सम्बन्धित छ । साङ्घोषका फरक क्षमताका विष्णु सापकोटालाई सञ्चार माध्यममा आएको समाचारको आधारमा नियात्राकारले आर्थिक एवं शैक्षिक सहयोग गरेपनि प्रत्यक्ष भेटघाट भएको रहेनछ । उनलाई भेट्न जाँदाको संस्मरणलाई यस नियात्रामा जस्ताको तस्तै उतारिएको छ । बाटोबारे जानकार

नभएकोले साङ्घोष पुग्न कति समय लाग्ला भन्दै बाटोमा सोधखोज गर्दै जाँदा सबैले आधी घण्टा लाग्छ भनेका तर तीन घण्टा बढी समय लागेको यथार्थलाई शीर्षक बनाई सङ्ग्रहको मूल शीर्षक समेत बनाइएको छ। समाजसेवाकै सन्दर्भमा विकटताको जोखिम मोलेर साङ्घोष पुगेको तथ्य लेखकले यसरी उजागर गरेकी छन्।

"कच्ची साँघुरो बाटो गाडीको सन्तुलन नमिलेर दायाँवायाँ भयो कि गुल्टेर तल खसिने डर! चैतको हावाहुरी चल्ने दिउँसोको समय। आफ्नो जीउमाथि चढेर आएका मान्छेहरूलाई आफैले उडाएको धूँवा र धूलोका कणले छपक्कै छोपिदियो ट्रकले। कुन रङ्को लुगा हो; छुट्याउनै गाह्रो भयो। झ्यालबाट यसो तल हेर्दा भिरालो देखेर मनै सिरिङ्ग भयो। सोचें - यहाँका मानिसहरू दिनदिनै यस्तो खतरा बाटो कसरी ओहोरदोहोर गर्छन् होला! ( पृष्ठ ४४)"

नियात्राकार पौडेलबाट समाजसेवाकै सन्दर्भमा मोरङ बेलबारीका दृष्टिबिहीन बालबालिकालाई त्यहीं पुगेर ब्रेललिपिका पुस्तक वितरण, कथावाचन, लेखन प्रशिक्षण प्रदान भएका छन् (योजना पश्चिमको यात्रा पूर्वको पृ.१६०)। साङ्घोष, बेलबारीजस्ता अन्य स्थान र काठमाडौंमा समेत उनका सहयोगी हात अगाडि बढेको पाइन्छ। उनको यात्रा साहित्य समाजसेवासँग समेत गाँसिएको छ। विभिन्न संघसंस्थाहरूको सञ्चालनमा उनको सक्रियता छ। समाजसेवामा विविध सक्रियताकै कारण विभिन्न संस्थाहरूद्वारा उनी पुरस्कृत र सम्मानित भएकी छन्।

मानवले मानवलाई सहयोग गर्नुपर्छ भन्ने चेतनाका कारण उनका पाइला र हात निकै सक्रिय देखिन्छन्। खासगरी अपाङ्गता भएका व्यक्तिहरूप्रति हेर्ने समाजको दृष्टिकोण बदल्ने अभिप्राय उनमा देखिन्छ। मानव सम्बन्धलाई बन्धुत्वको आँखाले हेर्दै मानवताका पक्षमा वकालत मात्रै होइन व्यवहारमै अन्तर्मनले नै सहयोग प्रदान गर्दै आएको देखिन्छ। मानवीय सेवाका खाँतिर खास गरी बालबालिकाको हितमा काम गर्नुपर्छ भन्ने भावना उनमा प्रबल देखिन्छ। यी सबैको फेहरिस्त मात्रै होइन तथ्य पनि नियात्रासङ्ग्रहले अद्योपान्त वर्णन गरेको छ। आफ्ना कामको वर्णन प्रत्यक्ष नगरी नियात्राको माध्यमद्वारा रोचक एवम् अन्य विषयलाई प्रभाव पार्ने, प्रेरणा प्रदान गर्ने उद्देश्य राखिएको छ।

**प्रकृति प्रेम र प्राकृतिक स्रोत संरक्षण चेतना**

संसार जति सुन्दर छ, त्यो सबै प्रकृतिको देन हो। प्रकृतिद्वारा जे जति सिर्जित छन् ती सबै सुन्दर छन्। हरेक मान्छेलाई मनमोहक लाग्छन् ती सिर्जना। संसारका अन्य मुलुकभन्दा नेपाल हिमाल, पहाड र तराई गरी छुट्टाछुट्टै भू-बनोट एवं प्राकृतिक स्रोतको सुन्दरताले भरिपूर्ण छ। नेपालका हिमशैल, पाखापर्वत, उकाली ओराली, लहरा छहरा हेर्न निकै ठूलो धनराशी र बहुमूल्य समय खर्च गरेर विश्वका कुनाकुनाबाट पर्यटक आउने गर्दछन्। तर 'नजिकको तीर्थ हेला' भनेझैं हामी नेपाली आफैं काम विशेषले बाहेक भ्रमणकै उद्देश्य लिएर हिंड्ने प्रचलन अपेक्षाकृत निकै कम छ। तर अपवादको रूपमा पछिल्लो समयमा केही बढेको भने देखिन्छ यस्तै समसामयिक विषयलाई आत्मसात् गरेर लेखिएका नियात्रामा नियात्राकार पौडेल आन्तरिक पर्यटकको रूपमा उभिएकी छन्। उनलाई नयाँ ठाउँमा भ्रमण जान, घुम्न असाध्यै मन पर्छ। घुम्ने क्रममा *आधी घण्टा* नियात्रा सङ्ग्रहमा भूइँ कुहिरोको वर्णनदेखि हरिया बोटवृक्ष, नदीनाला, हरिया डाँडाकाँडाहरू, छाँगा छहराहरू, तरेली परेका खेतबारीका गह्राहरू आदि प्राकृतिक दृश्यपानले नियात्राकार लट्ठिएको वर्णन गरिएको छ। नियात्राकार पुगेको ठाउँलाई वास्तविक अन्तरकुन्तर खोतलेर रमणीयस्थलको रूपमा चित्रण गरी आकर्षक बनाइएको पाइन्छ। यात्राको क्रममा त्रिशुली गदी किनार पुग्दा नदीको छमछम आवाज सुन्न र नदीको वहाव हेर्दा अति आनन्द लागेको वर्णन नियात्राकारले गरेकी छन्। अनुपम प्रकृति प्रेममा नियात्राकार लट्ठिएझैं उनलाई त्यस्तो ठाउँमा घुम्न आनन्द लागेको वर्णन गरिएको छ। जति नै यो पुस्तक पढ्दा पाठकलाई आफै त्यहीं ठाउँमा पुगेर आनन्द लिएझैं लाग्छ। 'मिर्मी बजारबाट हेर्दा चारैतिर देखिने अग्ला हरिया डाँडा,डाँडामुनि खोंचमा पानी जमाएर बनाइएको ताल, तालभन्दा माथि ठूलो फाँट-फाँटमा कतै हरियो गहुँ र कतै सुनजस्तै पहेँलपुर तोरी झुलिरहेको; मिर्मीको अनुपम प्राकृतिक सौन्दर्यले मेरो मन पुलकित भयो। मैले श्रीमानलाई भनें, 'मिर्मी त स्वर्गै रहेछ' (पृ. १४७)।

वि.सं. २०६७ सालको नयाँ वर्षमा नियात्राकार मुक्तिनाथ दर्शन गर्न पुग्दा स्वर्ग पुगेको अनुभूतिको रूपमा लिएको पाइन्छ। प्राकृतिक छटाको दृश्यावलोकन गर्न पाउँदा औधि खुसी लागेको विचार पुस्तकमा व्यक्त गरिएको छ। प्रकृतिले नेपाललाई धेरै राम्रा चिज उपहार दिएको तर हामीले यसको सही सदुपयोग गर्न नसकेको वा नजानेको तर्कवितर्कले जो कोहीलाई एकपटक गम्भीर रूपमा घोत्लिन बाध्य गराउँछ। प्राकृतिक देनलाई हामीले झन् कुरूप विरूप बनाएको, नाश गरी नयाँ पुस्ताका लागि संरक्षण गर्न नसकेकोप्रति नियात्राकारको ज्यादै ठुलो गुनासो छ। परम्परागत बाटुले घर, पाटीपौवा, चौतारीजस्ता सम्पदाको जगेर्ना गर्न सक्नुपर्ने धारणा व्यक्त गरिएको छ। वनजंगल विनाश, प्राकृतिक स्रोत साधनको दोहन लगायतका विषयहरूप्रति चिन्ता प्रकट गरिएको छ।

**बौद्धिक जीवनदृष्टि र मातृत्त्वभाव**

मानिस यस जगत्कै सर्वश्रेष्ठ प्राणी हो। मानवीय श्रेष्ठता र यसको चेतनास्तर कायम राख्न, बौद्धिक पहिचानलाई उँचो बनाउन सिर्जनात्मक कार्य अपरिहार्य छ। यसैको बलमा बौद्धिक जीवनलाई टेवा पुऱ्याउन आफन्त चिनेजानेको साथीसंगी, साहित्यकार, साहित्यप्रेमीप्रति लेखकको अगाध माया समेटिएको पाइन्छ। चिरपरिचित साहित्यप्रेमी शारदा तण्डुकार स्वर्गे हुनुअघि भेट्न नपाएकोमा निकै पछुतो लागेको वर्णन (आधी घण्टा पृ.१८२-१८३) ले जो कोहीको मन छुन्छ। आपसी भेटघाटले मानवीय जीवनका एक/एक दुःख सुखको पाटो उघारिन्छ। जसले मानव चोला रहुन्जेल ममताले बाँध्न सक्छ। यस्ता सकारात्मक सोचको साथै समाजका सदस्य जो कोही पनि कसैको आँखाको कसिङ्गर बन्नु हुँदैन भन्ने सन्देश प्रवाह गरेको पाइन्छ। शैक्षिक उन्नतिमा खुसी हुने लेखकले सिमरास्थित छिमेक लघुवित्त विकास बैंक र छिमेक एकेडेमीको अवलोकनको क्षणलाई शैक्षिक उपलब्धिको रूपमा मानेको देखिन्छ। गुणस्तरीय शिक्षा र छात्रवृत्ति प्रदान गर्दाको खुसी सम्हाल्नै गाह्रो भएको आभाष नियात्राले कोरेको छ। जीवनदृष्टिलाई केलाउँदा कारूणिक दृश्यले मुटु छियाछिया पारेको शब्द साँच्चिकै मनलाई तरङ्गित पार्ने क्षमता राख्छन्। बाटोमा सवारीको ठक्करबाट बच्चाको मृत्यु भएको कारण पीडितले क्षतिपूर्तिको माग गरी सडक अवरोध भएकोमा लेखकद्वारा आफ्नो कठिनाइको महसुस हैन बच्चाकी एउटी आमाको ममता, मातृत्वभाव, उनले भोग्नुपरेको पीडा कस्तो हुन्छ होला भन्ने आसय व्यक्त गरिएको छ। यहाँ मात्रै हैन अन्य ठाउँमा भएका देखेका घटनाप्रति पनि ज्यादै मार्मिक विवरण यसरी प्रस्तुत गरिएको छ : 'छिमेक लघुवित्त विकास बैंकको प्राङ्गणमा रोपिएका फूल, फलका बोटहरू हेऱ्यौं। बाच्छोलाई दूध चुसाउँदै गरेको सिमेन्टको गाई बनाएर राखिएको रहेछ। त्यो देखेर मेरो वात्सल्य छल्केर आयो। मानिस होस् वा पशुपंक्षी - आफ्ना सन्तानलाई आमाले जत्तिको माया अरू कसले गर्न सक्छ र!" (पृ.७३)

**यात्राप्रतिको लगाव र रोचक प्रस्तुती**

मान्छे स्वभावैले नवीन विचार, ठाउँ र परिवेशप्रति उत्सुक हुने गर्छ। आफ्नो जीवनकालमा अनुभूत गरेका नवीनतम् अनुभवलाई सँगालेर राख्न चाहन्छ। नियात्राकार पौडेल यसको अपवाद भएको देखिँदैन। यस पुस्तकको अध्ययनबाट उनमा यात्रा भनेपछि हुरुक्कै भैहाल्ने स्वभाव देखिन्छ। यात्रा भनेपछि जमजमाइहाल्ने, अनुभूतिहरू सँगालेर राख्ने, तीर्थ यात्रा होस् वा साहित्यिक सबै यात्रालाई विशेष महत्त्व दिने एवं प्रकृति र जीवनसित एकाकार हुने नियात्राकारको विशेषता पाइन्छ। यसै सेरोफेरोमा भएका यात्रामा संलग्न थरिथरिका घटना प्रसङ्गहरू, थरिथरिका वातावरण र नारीपुरूष व्यक्ति पात्रहरूको रोचक प्रस्तुतीकरण आधी घण्टामा सविस्तार वर्णन गरेको पाइन्छ। उद्देश्यमूलक यात्रा र ती यात्रासँग सम्बन्धित संस्मरण समेटिएको आधी घण्टा रोचक शैलीकै कारण पाठकको मन मष्तिष्कमा आफ्नो प्रभाव छाड्न सफल देखिन्छ।

मानव जीवनलाई आत्मसन्तुष्टिले सफल र सुखी बनाउँछ। एउटा धार्मिकस्थलको भ्रमण वा एउटा अमुक गोष्ठीमा सहभागी हुँदाको क्षण जति उत्साहजनक हुन्छ त्यति नै मानव मन सन्तोषले भरिन्छ। यसैको वर्णनशैली सरल, सहज र सुन्दर भयो भने त्यसले हजारौं पाठकलाई सन्तोष दिन सक्छ। यसमा समेटिएका नियात्राको विशेषता यही देखिन्छ। गंगा पौडेलको सिर्जनशील मनले आफ्ना यात्राका क्रममा देखेका, भोगेका, सुन्नमा आएका र अनुभव गरेका विषयलाई रोचक ढङ्गले प्रस्तुत गरेको पाइन्छ। यस अध्ययनबाट हाम्रो साहित्यिक परिवेश, साहित्यको श्रीवृद्धिमा समाज तथा सर्जकहरूद्वारा गरिएको प्रयास,

चुनौतीहरू एवं साहित्यिक आरोह अवरोहबारे मिहिन तथा रोचक प्रस्तुतीकरण भएको छ। रोचक प्रस्तुतीका कारणले यात्रा संस्मरण पढ्न झिँजोलाग्दो छैन। अल्छी लाग्दैन। भाषाशैली सरल र शुद्ध भएको कारण पाठकमैत्री छ। सबै तह र प्रकारका पाठकले सहम्र बुझ्न र ग्रहण गर्न सक्छन्। स्रष्टाका स्वअनुभूति सहज रूपमा प्रस्तुत छ। स्याङ्जाको वालिङ्मा जन्मेकी गंगा लामो समयपछि जन्मस्थान पुग्दाको अनुभूतिमा लेख्छिन्, "खेतको आली, आँधीखोलाको बगर, गिटी, बालुवाले गंगा कता गई भनेर खोजेका थिए होला।" (पृ.२०१)

यात्राको क्रममा रमाइलो र सुखद क्षण मात्रै हुँदैन। अनेक कठिनाइहरू, आरोह-अवरोह र व्यवधानहरू उत्तिकै हुन्छन्। त्यसका वावजुद व्यवधान र परिघटनालाई सरल र रोचकशैलीमा प्रस्ट एवं यथार्थ वर्णन गर्नु यस कृतिका नियात्राको कृतिको मौलिकपन मान्न सकिन्छ। रोचक प्रस्तुतीले नियात्राको क्रममा विकट ठाउँ पुग्दा नियात्राकारले पाएको दुःखलाई नै बिर्साइदिन्छ। जस्तो आधी घण्टा नियात्रामा कठिन भौगोलिक अवस्थाको कारण निकै कष्ट भोग्नुपरे पनि स्रष्टाले हाँस्य प्रकृतिको वर्णन शैली प्रयोग गरी दुःख मेटाउने कोसिसमा रहेकी छन्। त्यस्तै 'सातौं वालिङ महोत्सवका अविष्मरणीय पलहरू' शीर्षकको संस्मरण लामै भए पनि कहींकतै पढ्न झर्को नलाग्नुको प्रमुख कारण विम्बको प्रयोग, प्रस्तुती रोचक, वास्तविक घटना र प्रशस्त ज्ञानोपयोगी रहेको कुरा नियात्रामा यसरी प्रस्तुत भएको छ : 'आँधीखोलामा पानी धेरै बगिसकेछ। जता हेरे नि नौलो लाग्यो मलाई। आफ्नो शरीरभित्रको नशानशामा आँधीखोलाकै पानी सञ्चार भएको भए पनि प्रायः सबैका आँखा मलाई हेरेर को हौ ? कहाँबाट आयौ ? भनेर मौन प्रश्न गरेझैं लाग्यो मलाई।''

**नियात्रामा देशको अवस्था र विकृति उजागर**

राष्ट्रका हरेक नागरिक आफ्नो देशको अवस्था राम्रो होस् भन्ने चाहना राख्छन्। विकृति विसङ्गति देख्दा वितृष्णा जाग्छ। हरेकले आआफ्नो क्षेत्रबाट यसबारे आवाज उठाउने, सुधारका पहल गर्ने गरेको पाइन्छ। साहित्य क्षेत्रबाट यस्ता विकृति उजागर गरी सरकार वा सरोकारवाला निकायलाई घच्घचाउने, सचेत गराउने काम हुन्छन्। यसैको निरन्तरता आधी घण्टा नियात्रामा विकृतिविरूद्ध नियात्राकारको कलम दौडिएको छ भन्न सकिन्छ।

सदनदेखि सडकसम्मका विकृतिबारे आधी घण्टा कृतिमा कडा व्यङ्ग्य गरिएको पाइन्छ। राजनीतिक प्रदुषणको प्रभावले एकले अर्कोलाई दोष दिने र आफू पन्छिने चलन विकसित भइरहेकोप्रति कडा प्रहार गरिएको छ। नागरिकमा अनुशासन हराउँदै गएको र दण्डहिनताले गर्दा जसले जे गर्दा पनि भएको विषयलाई यथार्थ रूपमा उजागर गरिएको छ। हाम्रो देश खासगरी काठमाडौं उपत्यकाको असुविधा, अस्तव्यस्त फोहर, अपर्याप्त बिजुली, जीर्ण अवस्थाको बाटोघाटोको बारेमा निकै चिन्ता गरिएको छ (पृ.१७६)।

उपत्यकाबाहिर बाटोघाटोको नाममा धराप, गतिलो पूर्वाधारबिना योजना बनाउने सरकारबारे कडा टिप्पणी गरिएको छ। थानकोटमा प्रायः हुने सडक जाम, अस्तव्यस्त सडक, यात्रुको सास्तीलाई जस्ताकोतस्तै वर्णन गरिएको छ। पहाडी भागमा बाटोघाटो बनाउने नाममा जथाभावी डोजर चलाउँदा डाँडापाखा, हरियो वनजंगल विनाश भएको र प्राकृतिक सौन्दर्य हराएकोप्रति निकै चिन्ता गरिएको छ। शिकारीको कारण पन्छीहरू लोप हुँदै गएको प्रति लेखक चिन्तित देखिन्छिन्। चितवन सौराहाको पुल जीर्ण भएको (पृ.२०३-२०४), अन्य भागमा पनि यस्तो अवस्था कायम रहेकोप्रति वास्तविक तथ्य प्रस्ट पारिएको छ। यस्ता हेलचेक्राइ र गैरजिम्मेवारीपूर्ण काम र रवैयाप्रति नियात्राकारले सिधै कडा आक्रोश पोखेकी छन्।

**यात्रा र शारीरिक अवस्थाको सामञ्जस्यता**

विविध भौगोलिक विशेषता बोकेको हाम्रो जस्तो देशमा यात्रा एउटा कठिन विषय मान्न सकिन्छ। त्यसमाथि डाँडाकाँडा पाखापर्वतमा यातायात सुविधा नभएको र भए पनि खतरापूर्ण अवस्था विद्यमान छ। कतिपय ठाउँमा पैदल हिँड्नुको विकल्प देखिँदैन। तीन वर्षकै उमेरमा पोलियोको कारणले लेखकको देब्रे गोडामा समस्या भएको बुझ्न सकिन्छ। यसप्रति

उनका बुबाआमाबाट चिन्ता व्यक्त भएको स्मरण गरिए पनि लेखक स्वयंले अपाङ्गताको कारण आफू कमजोर भएको महशुस गरेको देखिँदैन। बरू अपाङ्गता भएका व्यक्तिको स्वर्णिम भविष्यका लागि भगवान्सँग प्रार्थना गरेको पाइन्छ। त्यस्ता व्यक्तिलाई सहयोग गर्न पाउँदा औधि खुसी भएको पाइन्छ। शारीरिक रूपमा असक्त धादिङ साङ्कोषका विष्णुकुमारको पढाइको व्यवस्था नियात्राकारले मिलाएको पाइन्छ र उनलाई भेट्न दुःख कष्ट सहेर विकट ठाउँ साङ्कोष पुगेको देखिन्छ। पुगेर फर्किने क्रममा गाडी नपाएपछि विष्णुका भाइले बोकेर लैजान्छु भन्दा नियात्राकारको भनाइ छ, "म त आधी घण्टामा अरू चार वटा आधी घण्टा थपेर भए पनि मोटर बाटोबाटै आफैं हिँडेर जान्छु, तर बोकिन्न। "यी अभिव्यक्ति ज्यादै मार्मिक र हृदयविदारक छन्। तथापि उनको अठोट र दृढ विश्वासले पाठकलाई झन् उत्साही बनाउन सघाएको देखिन्छ।

शारीरिक अवस्था कमजोर भएकालाई यात्रा कष्टकर हुने विश्लेषण नियात्रामा गरिएको छ। 'सिप र रोजगारी' कथा लेखन कार्यशाला गोष्ठीमा ... जाने सन्दर्भलाई लिएर शारीरिक रूपमा दुर्बल व्यक्तिलाई यस्ता अवसर आयोजक/संयोजकले नदिने गरेको धारणा व्यक्त गरिएको छ। तथापि यसैका कारण आफू पछि हटेको वा अवसर नपाएको भन्ने कतै उल्लेख गरिएको छैन। बरू नियात्राकारले भनेकी छन्, "जसको घरमा अन्न छैन, उसैलाई बढी भोक लाग्छ, भनेझैँ बलिया गोडा नभएकी मलाई डुल्न भनेपछि औधि मन पर्छ।" (पृ.६०) हुन पनि भौगोलिक विकटता वा अन्य कारणले सम्बन्धित ठाउँमा जाने/नजाने दोधारमा परेको अवस्थामा पनि जस्तोसुकै विकट यात्रा तय गरी पूरा गरेको पाइन्छ। यसले लेखकको तीव्र इच्छाशक्ति, साहस र यात्राप्रतिको लगाव झल्काउँछ। यसकै प्रतिफल लेखकले भारतका विभिन्न स्थानको साथै देशका २४ बढी जिल्ला भ्रमण गरेको पाइन्छ। जति रोयो उति भक्कानो फुटेर आउँछ भने झैँ जति घुम्यो उति घुम्न जान मन लाग्ने यथार्थ यस सङ्ग्रहका नियात्रा र तिनको वर्णनले पुष्टि गर्दछन्।

**निष्कर्ष**

साहित्यको समेत उर्वरभूमि स्याङ्जाको दहथुममा जन्मेकी गंगा कर्माचार्य पौडेल कविता, कथा, निबन्ध, संस्मरण, नियात्रा, समालोचना र बालसाहित्यमा साधनारत छन्। मूलतः बालसाहित्यमा सक्रिय गंगा कार्मचार्य पौडेलका १८ वटा बालसाहित्य, दुई/दुई वटा कविता र उपन्यास, एक/एक वटा नियात्रा, कथा, लघुकथा र नेपाली बालसाहित्यको इतिहास गरी हालसम्म जम्मा २६ वटा कृति प्रकाशित छन्। यीबाहेक फुटकर रचनासमेत विभिन्न पत्रपत्रिकामा बग्रेल्ती पढन पाइन्छ। बालसाहित्यिक कार्यक्रम र लेखन भनेपछि हुरुक्कै हुने, सहभागी हुन उत्सुक हुने, उत्कट चाहनाका साथ सक्रिय सहभागिता जनाउने गंगाको सर्जकत्व बालसाहित्यतर्फ मात्रै होइन नियात्रामा समेत सबल देखिन्छ। आफू पुगेका स्थानहरू, सहभागी कार्यक्रमहरू, भौगोलिक अवस्था र गतिविधिलगायत तत्क्षण देखेभोगेका सबै चिजवस्तुको चित्रण उनले वास्तविक अर्थात् जस्ताको तस्तै उतारेको पाइन्छ।

यथार्थवादी धाराको इतिहासमा गंगाको यस नियात्रा सङ्ग्रहले अर्को एउटा खारिएको ईँटा थपेको छ। आधी घण्टा नियात्रामा समेटिएका वस्तु जगत्को चित्रणले प्रस्तुत स्थानहरूबारे धेरै तथ्य बुझ्न निकै मद्दत पुऱ्याएको छ। साथै सामाजिक सेवामा योगदान, सामाजिक यथार्थ चित्रण, प्रकृति प्रेम, प्राकृतिक स्रोत संरक्षण चेतना, बौद्धिक जीवनदृष्टि, मातृत्त्व ममता, यात्राप्रतिको लगाव, नियात्राकारको नजरमा देशको अवस्था, विकृति उजागर, यात्रा तथा शारीरिक अवस्थाको सामञ्जस्यता, नारी नियात्राकारको पृष्ठभूमि र रोचक प्रस्तुतीले आधी घण्टा नियात्रा बनेको देखिन्छ। ती ठाउँमा नपुगेका पाठकहरूलाई ठाउँ र त्यहाँका मुख्य विशेषता, नवीन कुराहरूबारे अवगत गराएका छन्। यसले आगामी पुस्तालाईसमेत वर्तमान अवस्थाको जानकारीको साथै सम्पूर्ण अवस्थाको सजीव चित्रण गर्न मद्दत पुऱ्याउने देखिन्छ।

**सन्दर्भसामग्री**

पौडेल, गंगा कर्माचार्य (२०७६), *आधी घण्टा,* काठमाडौं : सुरभि साहित्य प्रतिष्ठान ।

त्रिपाठी, गीता (२०७३), *नेपाली नियात्राः सिद्धान्त र प्रयोग,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढकाल, बद्रीप्रसाद (२०७५), साहित्य र समालोचना, काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस ।